# सिमकोट गाउँपालिका

## स्थानीय राजपत्र

भाग २ खण्ड : ८ संख्या: ३

# अन्तिम संस्कार व्यवस्थापन सम्बन्धी कार्यविधि , २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०९/१७

गाउँ सभाबाट पारित मिति २०८१/०९/१९

विजय भण्डारी
अध्यक्ष

मितिः २०८१/०४/३२

प्रस्तावनाः

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत सेवामा पहुँच पुर्याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिक हक एवम् राज्यको नीति निर्देशक सिद्धान्तको रूपमै प्रत्याभूत गरेकोले कुनै व्यक्तिले कुनै दुर्घटना वा कालगतिले मृत्युवरण गरेमा निजको परिवारलाई राहत पुर्याउने उद्देश्यले यस गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोवास गर्ने परिवारका सदस्यको मृत्यु हुँदा निजको परिवारलाई अन्तिम सस्कार खर्च उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले सिमकोट गाउँप्रालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी दुर्घटनामा परी वा कालगतिले मृत्यु वरण गरेका व्यक्तिको परिवारलाई अन्तिम संस्कार व्यवस्थापन उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०८१ बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ**:

(१) यो कार्यविधिको नाम **अन्तिम संस्कार व्यवस्थापन वितरण सम्वन्धी कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

➢ **परिभाषा र व्याख्या: विषय वा प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा:-**

(क) "गाउँपालिका" भन्नाले सिमकोट गाउँपालिका सम्झनुपर्दछ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले सिमकोट गाउँकार्यपालिका सम्झनुपर्दछ।

(ग) "अध्यक्ष" भन्नाले सिमकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले सिमकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँ कार्यपालिकाको कार्यलयको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(च) "सभा" सभा भन्नाले समकोट गाउँपालिकाको गाउँ सभा सम्झनुपर्दछ।

(छ) "अन्तिम संस्कार" भन्नाले सिमकोट गाउँपालिका भित्र स्थाई बसोबास गर्ने विभिन्न जातजाति तथा धर्मावलम्बीहरुले आफ्नो जात,धर्म र रितिरिवाज अनुसार परिवारको कुनै सदस्यको मृत्यु भएपछि गर्ने अन्त्येष्टि वा काज किरियालाई सम्झनुपर्दछ।

विजय भण्डारी
अध्यक्ष

## परिच्छेद २

## उद्देश्य

➢ **यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन्:**

(क) कुनै परिवारको सदस्यको मृत्यु भएमा तत्कालीन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ति गर्न र गलत सामाजिक अभ्यासहरू कुरीतिहरुको अन्त्य गर्नु।

(ख) नेपाल सरकारद्वारा तोकिएको समयमै मृत्यु दर्ता गर्ने कार्यलाई प्रोत्साहन गर्दै व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउनु ।

(ग) सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनु,

(घ) सामाजिक समानता र एकता निर्माण गर्नु

(ङ) सार्वजनिक सेवा लिन अभिप्रेरित गर्नु

(च) गरिब, जोखिममा परेका, विपन्न र आर्थिक तथा सामाजिक रूपमा उपेक्षित लगायत सबै वर्ग र समुदायका व्यक्तिहरूमा राज्यको उपस्थितिको अनुभूति प्रदान गर्नु ।

### परिच्छेद ३

### अन्तिम संस्कार व्यवस्थापन सम्बन्धी व्यवस्था

➢ अन्तिम संस्कार व्यवस्थापन रकम प्रदान गरिने:

(१) गाउँपालिकाले आ.व.२०८२/०८३ को श्रावण १ गतेदेखि यस सिमकोट गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने घर परिवारका सदस्यको दुर्घटना वा कालगतिले मृत्यु भएमा निजको परिवारका सदस्य वा हकवालालाई प्रति मृतक रु.१०,०००।०० (दश हजार रुपैयाँ मात्र) का दरले अन्तिम संस्कार खर्च बापतको रकम उपलब्ध गराउनेछ ।तर, सिमकोट गाउँपालिका भित्र अस्थायी वसोवास गर्ने व्यक्ति र परिवारको हकमा यो व्यवस्था लागू हुन छैन ।

(२) गाउँपालिकाले मृतकको परिवारलाई समवेदना पत्र समेत दिने व्यवस्था गर्नेछ । समवेदना पत्र प्रदान गर्दा सम्बन्धित वडाका जनप्रतिनिधिहरू अनिवार्य रूपमा उपस्थित भई एक मिनेट मौन धारण गर्नु पर्नेछ। समवेदना पत्रमा सम्बन्धित वडाको वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष अध्यक्षले नाम समावेश गरिनेछ ।

**(३ यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सिमकोट गाउँपालिकामा स्थायी बसोवास नगरेका तर कुनै कारणले गर्दा सिमकोट गाउँपालिकाको क्षेत्रभित्र मृत्यु भएका ब्यक्तिको अन्तिम संस्कारका लागि सहयोग गर्न कुनै बाधा पर्ने छैन् ।**

➢ **अन्तिम संस्कार व्यवस्थापन बापतको रकम उपलब्ध गराउन लिईने:**

आधारहरु (१) दफा ४ को उपदफा (१) बमोजिम अन्तिम संस्कार खर्च वापतको रकम उपलब्ध गराउन देहायका आधारहरू लिइनेछ।

(क) सिमकोट गाउँपालिका क्षेत्रभित्र स्थायी रूपले बसोवास गरेको हुनुपर्ने।

(ख) कुनै भवितव्य दुर्घटना वा कालगतिले मृत्यु भएको हुनुपर्ने।

(ग) मृतकका परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र मृत्यु दर्ता गरेको हुनु पर्ने र सोही अवधिभित्र अन्तिम संस्कार खर्च बापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने।

➢ **अन्तिम संस्कार खर्च बापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरू:**

(१) दफा ४ का उपदफा (१) बमोजिम अन्तिम संस्कार खर्च रकम प्राप्त गर्नका लागि देहायका कागजातहरू गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेको हुनु पर्नेछ:

(क) अनुसूची-१ बमोजिमको निवेदन फारम,

(ख) अनुसूची-२ बमोजिमको अन्तिम संस्कार खर्च उपलब्ध गराईदिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अन्तिम संस्कार खर्च प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका र वडा कार्यालयले मृतकको परिवारले अन्तिम संस्कार खर्च बापतको रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने मृत्यु दर्ता, निवेदन, वडा कार्यालयको सिफारिस जस्ता कागजातहरू मृतकको घरमै गई उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ।

➢ **अन्तिम संस्कार खर्च बापतको रकम उपलब्ध गराउने कार्यविधि:**

(१) दफा ४ का उपदफा (१) बमोजिम अन्तिम संस्कार खर्च बापतको रकम दफा ६ को उपदफा (१) बमोजिमको आवश्यक कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता भए पश्चात मृतक परिवारका सदस्यलाई अन्तिम संस्कार खर्च बापतको रकम सिमकोट गाउँपालिकाले आवश्यक स्थान वा मृतकको घर आँगनमा गाउँपालिकाको अध्यक्ष वा निजको प्रतिनिधि, उपाध्यक्ष वा निजको प्रतिनिधि सम्बन्धित वडाका वडा अध्यक्ष पन्जिकरण शाखा प्रमुख, सम्बन्धित वडाका वडा सचिव एवम् अन्य कर्मचारी तथा जनप्रतिनिधिको रोहवरमा अनुसूची-३ बमोजिमको भरपाई गरी बितरण गरिनेछ। साथै सो भरपाईको अभिलेख अनुसूची-४ बमोजिम सुरक्षित राख्नुपर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका भित्रका कुनै टोलमा कुनै व्यक्तिको मृत्यु भएको खण्डमा सम्बन्धित वडाका जनप्रतिनिधिले मृतकको घर परिवार, मृतकको नाम र मृत्यु भएको एकिन गरी वडा अध्यक्ष मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराउनु पर्नेछ। यसका लागि वडा कार्यालय र गाउँपालिकाले आफ्नो फेसबुक पेज वा अन्य माध्यमबाट सूचना प्रवाह गर्न सक्नेछ।

(३) अन्तिम संस्कार खर्च बापतको रकम परिवारको आवश्यकता अनुसार खर्च गर्नु पर्नेछ।

विजय भण्डारी
अध्यक्ष

## परिच्छेद-४

## विविध

- दफा ४ को उपदफा (२) बमोजिम प्रदान गरिने समवेदना पत्रको ढाँचा अनुसूचि ५ बमोजिम हुनेछ।
- दफा ४ को उपदफा (१) बमोजिम उपलब्ध गराईने अन्तिम संस्कार खर्च बापतको रकम भरपाई तथा अन्य कागजातको आधारमा सम्बन्धित वडा कार्यालयलाई सोधभर्नाको रूपना सम्बन्धित शीर्षकवाट उपलब्ध गराउन सकिनेछ।
- यस कार्यविधि विपरीत सिमकोट गाउँपालिका क्षेत्र वाहिरका मृतकको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाईने छैन।
- यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।
- यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।
- कार्यपालिका बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ
- यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

विजय भण्डारी
अध्यक्ष

अनुसूची १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

अन्तिम संस्कार व्यवस्थापन प्राप्तिका लागि लाभग्राही परिवारले भर्नुपर्ने निवेदनको ढाँचा

श्री.................................... नं. वडा कार्यालय,                                                                 मिति २०    |    |

विषय: अन्तिम संस्कार व्यवस्थापन वापतको रकम उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा मेरो एका सगोल परिवार भित्रको.............................. (नाता के हो ? खुलाउने) को यही मिति २०   |   | गतका दिन मृत्यु भएका हुँदा सिमकोट गाउँपालिकाको अन्तिम संस्कार व्यवस्थापन वितरण सम्बन्धी कार्यविधि, २०८१ बमोजिम तपसिल बमोजिमका कागजात संलग्न गरी मृत्यु संस्कार खर्च उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु।

<u>संलग्न कागजात</u>

(क) वडा कार्यालयको सिफारिस

(ख) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अन्तिम संस्कार खर्च प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात।

(ङ) अन्य कुनै प्रमाण कागजात भए उल्लेख गर्ने ॥

निवेदक
सही:
नाम, थर:
मृतकसँगको नाता:
ठेगाना:
मोबाईल नं.

विजय भण्डारी

अनुसूची २

(दफा ६ को उपदफा (१) सम्बन्धित)

आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च बापतको रकम उपलब्ध गराउने कार्यक्रम किरिया खर्च बापतको रकम उपलब्ध गराईदिने सम्वन्धमा वडा कार्यलयले दिने सिफारिसको ढाँचा

श्री सिमकोट गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिमकोट, हुम्ला ।

विषयः अन्तिम संस्कार खर्च बापतको रकम उपलब्ध गराईदिन सम्वन्धमा ।

प्रस्तुत विषयमा साविक ..............गा.वि.स............ वडा............हाल सिमकोट गाउँपालिका वडा नं ..................टोल ......................बस्ने श्री.................. को नाति।नातिनि श्री ...................को छोरा। छोरी श्री ......................को पति-पत्नी .....................बर्ष....को श्री.................. को मृत्यु मिति ................गते ..................कारणले तथा मृत्यु दर्ता समेत भईसकेको हुँदा निज मृतकको परिवारका सदस्य श्री.............................. (मृतक सँगको नाता) लाई अन्तिम संस्कार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम अन्तिम संस्कार खर्च उपलब्ध गराईदिनु हुन सिफारिस साथ अनुरोध छ ।

वडा अध्यक्ष
सहीः
नाम, थरः

अनुसूची ५

दफा ४ को उपदफा २ संग सम्बन्धित

समवेदना पत्रको ढाँचा

सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश

समवेदना पत्र

जन्म साल महिना गते      स्वर्गारोहण २० साल महिना गते

सिमकोट गाउँपालिका नं वडा स्थित बसोबास गर्नु हुने पुजनीय बुवा श्री ज्यू को र आमा श्री छोरा /छोरी का श्री असमायिक निधनले सिमकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्य समिति परिवार अत्यन्त मर्माहित र स्तब्ध भएका छौ। यस दुखद घडीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्य धारणा गर्ने शक्ति प्राप्त होस् भनी भगवानसंग प्रथाना गर्दछौ।

मिति २० साल महिना गते

| | | | |
|---|---|---|---|
| | उजिर रोकाया | शुसिला रोकाया | विजय भण्डारी |
| वडा अध्यक्ष | प्रमुख प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

विजय भण्डारी
अध्यक्ष

अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

भरपाईको ढाँचा

अन्तिम संस्कार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम अन्तिम संस्कार बझाएको भरपाई

| क्र.स. | मृतकको नाम, थर र वतन | अन्तिम संस्कार खर्च बुझिलिनेको नाम, थर | बुझिलिएको रकम | बुझिलिनेको सहीछाप | रोहवरमा बस्नेको नाम, थर र सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

विजय भण्डारी
अध्यक्ष